# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल

प.सं. :- ०७७/०७८ मिति :-२०७८/०१/३१

च.नं. :-

विषय :- अत्यन्त जरुरी सूचना ।

श्री सरोकारवालाहरु सबै ।

प्रस्तुत विषयमा विश्वव्यापि रुपमा फैलिएको दोस्रो लहरको कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि यस गाउँपालिकाले मिति २०७८/०१/२५ गते देखि मिति २०७८/०२/०१ गते सम्म बन्दान्दीको घोषणा गरेकोमा मरिण गाउँपालिका स्तरीय विपद व्यवस्थापन समितिको मिति २०७८/०१/३१ गतेको बैठकवाट जिल्ला प्रशासन कार्यालय सिन्धुलीले जारी गरेको निषेधाज्ञा समेतलाई मध्यनजर गर्दै गाउँपालिका क्षेत्र भित्र मिति २०७८/०२/०८ गते सम्म बन्दावन्दी थप गर्ने निर्णय भएको हुंदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

साथै गाउँपालिका क्षेत्रभित्र संचालन भईरहेका विभिन्न निर्माण कार्यका लागि अत्यावश्यक निर्माण सामाग्रीहरु ढुवानी गर्न सवारी पास भएका सवारी साधनहरुले वेलुका ६ वजे देखि ९ बजे सम्म मात्रै ढुवानी सम्बन्धी कार्य गर्नुपर्ने सूचना प्रकाशित भएकोमा आज वसेको बैठकवाट सो समय तालिकालाई परिवर्तन गरि विहान ५ बजे देखि १० वजे सम्म मात्र ढुवानी सम्वन्धि कार्य गर्ने निर्णय भएको हुँदा जनस्वास्थ्यका मापदण्डहरु अनिवार्य रुपमा पालना गर्दै सुरक्षा निकायसँग समेत समन्वय गरी उक्त कार्य गर्नु गराउनु हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

इमेल: info@marinmun.gov.np "नतिजामुखी प्रशासन समृद्धि र सुशासन" www.marinmun.gov.np